स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत वर्षको सुपरहिट फिल्म 'परदेशी २'बाट अभिनेताको रुपमा डेब्यु गरेका चर्चित गायक प्रकाश सपूतले आफ्नो दोस्रो फिल्म 'पूर्ण बहादुरको सारङ्गी' को छायांकन सकाएका छन्। ओखलढुङ्गाको रुम्जाटार क्षेत्रमा ३६ दिन र काठमाडौंमा ४ दिन गरी ४० दिनमा फिल्म 'प्याकअप' भएको हो । अब पोस्ट प्रोडक्सनको काम सुरु गरेर अर्को वर्षभित्र रिलिज गरिने निर्माता विनोद पौडेलले बताए । यो फिल्ममा कलाकारहरुको 'लाइनअप' बलियो छ।

**आजको विचार...**



रुरु...
*(दुई पेजमा)*

चिरञ्जीवी ज्ञवाली



पल शाह शीर्ष भूमिकामा लिएर लक्ष्मण सुनारले फिल्म 'कल्ली' निर्देशन गर्ने भएका छन्। यो फिल्म रेड बर्ड प्रोडक्सन र कस्तुरी प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको हो। प्रस्तुतकर्तामा किरण नेपाली छन्। 'बुलाकी' फेम्ड सुनारको यो आगामी निर्देशकीय फिचर हो। महेश दवाडीको पटकथा तथा संवाद हुने प्रेषित विवरणमा उल्लेख छ। छायांकनअघि टिजर पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरिएको छ। यो पोस्टरमा चरित्र चित्रणदेखि फिल्मको मुडसम्म चित्रण छ।

❑ वर्ष ३० ❑ अंक १६ ❑ २०८१ साउन १६ गते बुधबार 31 July 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## ट्रकको ठक्करबाट एकको मृत्यु



**दाङ,** साउन १५/दाङको देउखुरीमा ट्रकको ठक्करबाट एक व्यक्तिको मृत्यु भएको छ । मंगलबार पश्चिमबाट पूर्वतर्फ गइहेको सु. प. प्र ००१ ख २७७९ नम्बरको ट्रकले लमही-भालुवाङ सडक खण्डको भालुवाङमा ठक्कर दिँदा एक जना व्यवसायीको मृत्यु भएको हो ।

मृत्यु हुनेमा राप्ती गाउँपालिका-१ भालुवाङका ५० वर्षिय लोकप्रसाद भट्टराई रहेका छन् । उनलाई बाटो क्रस गर्ने क्रममा ट्रकले ठक्कर दिएको थियो । ठक्करबाट उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुवाङले जनाएको छ । ठक्कर दिने गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लुम्बिनीमा प्रदेश प्रमुख फेरिएको फेरियै

## सात वर्षमा चार प्रदेश प्रमुख

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १५/राजनीतिक भागबण्डामा नियुक्त गर्ने र सत्तासमीकरणमा तलमाथि हुने बित्तिकै पहिलो प्रहार प्रदेश प्रमुखमाथि हुने गरेको छ । केन्द्र सरकारको मनलाग्दीले प्रदेश प्रमुखको नियुक्ति र बर्खास्तीको खेलले प्रदेश प्रमुख पदकै गरिमा, महत्व र ओजन घट्दै गएको छ ।

प्रदेश प्रमुख हेरफेर गर्ने अधिकार केन्द्र सरकारसँग भए पनि विना कारण प्रदेश प्रमुखको बर्खास्ती र नियुक्ति भइरहेको छ । केन्द्रमा सरकार चलाउने पार्टीसँग आवद्धता नभए प्रदेश प्रमुखले विदा हुनुपर्ने नजिर बसेको छ । केन्द्रमा राष्ट्रपतिको कार्यकाल ५ वर्ष हुने र सोही अनुसार प्रदेश प्रमुखको कार्यकाल पनि ५ वर्षको हुने व्यवस्था रहे पनि सरकार परिवर्तनसँगै प्रदेश प्रमुख फेरबदल हुने क्रम बढ्दो रहेको हो । यही कारण प्रदेश संरचना कार्यान्वयनमा गएको ७ वर्षमा लुम्बिनीले चौथो प्रदेश प्रमुख पाएको छ । केपी शर्मा ओली नेतृत्वको सरकारले लुम्बिनीसहित बागमती र कर्णाली प्रदेशका प्रमुख हेरफेर गरेको छ । संघीयतापछिको पहिलो कार्यकालमा लुम्बिनीले ३ प्रदेश प्रमुख प्राप्त गरेको थियो । हाल सरकार परिवर्तनसँगै अर्को प्रदेश प्रमुख प्राप्त गर्ने भएको छ । प्रदेश प्रमुखमा अमिक शेरचनलाई हटराएर सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले कृष्णबहादुर घर्तीलाई नियुक्त गरेको हो ।



उमाकान्त झा



धर्मनाथ यादव



अमिक शेरचन



कृष्णबहादुर घर्ती

२०७४ माघ ३ मा शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले उमाकान्त झालाई प्रदेश प्रमुख बनाएको थियो । २०७६ कात्तिकमा केपी शर्मा ओली सरकारले उनलाई हटाएर धर्मनाथ यादवलाई नियुक्त गऱ्यो । फेरी देउवा सरकारले यादवलाई हटाएर २०७८ साउनमा अमिक शेरचनलाई नियुक्त गरेको थियो । अहिले फेरी आएर ओली नेतृत्वको सरकारले अघिल्ला कदमलाई निरन्तरता दिँदै प्रदेश प्रमुख फेरेको हो । लुम्बिनीमा अमिक शेरचनलाई हटाईपछि कृष्णबहादुर घर्तीले प्रदेश प्रमुखको जिम्मेवारी सम्हाल्दै छन् । रोल्पाका घर्ती नेपाली काँग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा प्रदेश प्रमुख भएका हुन् । रोल्पाको माडी गाउँपालिका वडा नं २ बाट उनी नेपाली काँग्रेसको १४ महाधिवेशनमा प्रतिनिधि छनौटमा पराजित भएका थिए । त्यसो त घर्ती पहिलेबाट नै देउवालाई काँध थाप्दै आएका नेता हुन् । नेपाली कांग्रेस विभाजन भएको बेला शेरबहादुर देउवाले नेतृत्व गरेको प्रजातान्त्रिक कांग्रेसको रोल्पा सभापति भएका घर्ती १२ औं महाधिवेशनमा नेपाली कांग्रेसको जिल्ला सभापतिमा निर्वाचित भएका थिए । अहिले कांग्रेस प्रदेश सभापति रहेका अमरसिंह पुनलाई हराउँदै उनी १२ औं महाधिवेशनमा जिल्ला सभापति भएका थिए । १३ महाधिवेशनमा अमरसिंह पुन जिल्ला सभापति हुँदा प्रतिनिधि बन्न इच्छुक रहे पनि नछानिएका उनी १४ औँ महाधिवेशनमा वडामै पराजित भएर रोकिएका हुन् ।

**के छ प्रदेश प्रमुखको सेवा सुविधा ?**

प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७४ अनुसार प्रदेश प्रमुखको पारिश्रमिक प्रति महिना ६४ हजार, पोशाक सुविधा प्रति वर्ष १८ हजार र अतिथि सत्कार तथा भैपरी खर्च प्रति महिना ४० हजार दिने व्यवस्था छ । यस्तै, प्रदेश प्रमुखका लागि १५ लाख बीमा, स्वदेश भ्रमणमा दैनिक ३ हजार र विदेश भ्रमण गर्दा दैनिक २५० अमेरिकी डलर भत्ताको व्यवस्था छ । यस्तै, प्रदेश प्रमुखको निवासको लागि टेलिफोन, कम्प्युटर, इन्टरनेट,फ्याक्स, पत्रपत्रिका जस्ता सञ्चार सुविधा सरकारले व्यवस्था गर्छ ।

सवारी साधनका लागि आवश्यक पर्ने इन्धन, मोबिल तथा मर्मत सम्भारको व्यवस्था सरकारले व्यहोर्ने व्यवस्था छ । प्रदेश प्रमुख कुनै कारणले प्रदेश प्रमुख पदबाट निवृत्त भएमा, सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइने व्यवस्था छ । यस्तै, पदमुक्त भएपछि दुई वर्षका लागि दुई जना सुरक्षाकर्मी व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा १६३ को (१) बमोजिम प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने व्यवस्था रहेको छ भने (२) राष्ट्रपतिले प्रदेश प्रमुख नियुक्ति गर्ने र (३) प्रदेश प्रमुखको पदावधि पाँच वर्ष हुने हुने व्यवस्था रहेको छ । पदावधि अगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्ने सक्ने प्रावधान संविधानमा रहेको छ ।

# प्रतिनिधिसभा बैठक स्थगित



**पाल्पा**, साउन १५/प्रतिनिधिसभा बैठक साउन २० गतेसम्मका लागि स्थगित भएको छ । मंगलबार बसेको बैंठकमा सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको अर्को बैठक साउन २० गते आइतबार दिउँसो १ बजे बस्नेगरी स्थगित भएको जानकारी गराएका हुन् ।

बैठकमा सभामुख घिमिरेले सहकारी संस्था बचत रकम अपचलन सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति तथा विभिन्न विषयगत समितिमा सदस्यको नाम हेरफेरको प्रस्ताव गरेका थिए । उक्त प्रस्तावलाई सभाले सहमति जनाएको थियो । त्यसअघि सभामुख घिमिरेले राष्ट्रपति कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा सुनाएका थिए ।

बैठकको अन्तिममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रिय सभामा उत्पत्ति भएको सुरक्षति कारोबार (पहिलो संशोधन) विधेयक २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गरेका थिए । सभामुख घिमिरेले सो प्रस्तावलाई निर्णार्थ प्रस्तुत गरेका थिए । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

# गुल्मीमा गँड्यौली मलको व्यावसायिक उत्पादन सुरु



**गुल्मी,** साउन १५/जिल्लामा व्यावसायिक रुपमा गँड्यौली मलको उत्पादन सुरु गरिएको छ । कृषि ज्ञान केन्द्रको सहयोगमा जिल्लाको इस्मा गाउँपालिका र धुर्कोट गाउँपालिकामा प्राङ्गारिक खेतीका लागि उक्त मलको उत्पादन सुरु गरिएको हो ।

यस मलको प्रयोगले रासायनिक मलको उपलब्धता बढाउने र बाली बिरुवाको वृद्धि विकास पनि चाँडो हुने तथा अरू मलभन्दा यो मलको गुणस्तर पनि राम्रो भएका कारण जिल्लामा गँड्यौली मल उत्पादन गर्न लागिएको हो । धुर्कोट जैविक कृषि तथा गँड्यौला मल उत्पादन फार्मले इस्मा र धुर्कोट गाउँपालिकाको संगम स्थानअन्तर्गत हुलाकेस्थित सप्लिङ्गमा यसको उत्पादन सुरु भएको छ । गाईभैंसीको मललाई गँड्यौलामार्फत प्रशोधन गरी यहाँका किसानहरु गँड्यौली मल उत्पादनमा लागेका हुन् । गाईभैंसीको मल र घरेलु फोहर वस्तुहरुबाट यो मल बनाइने हुँदा यसले वातावरणलाई पनि स्वच्छ राख्न मद्दत पुऱ्याउँछ । आजभोलि खेतबारीमा धेरैजसो रासायनिक मलको प्रयोग गर्ने क्रम बढ्दै गएको र त्यसबाट क्षणिक रुपमा उत्पादन तथा उत्पादकत्व वृद्धि गरे पनि दीर्घकालीन रुपमा त्यो मानव स्वास्थ्य र माटोमा समेत ठूलो असर पर्ने बताइएको छ ।

**बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAVA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## अस्वाभाविक महँगी नियन्त्रण गर

यति बेला नेपाली बजारमा उपभोग्य वस्तुमा अनियन्त्रित रुपमा मूल्य वृद्धि भएको छ । मुलुकमा मूल्यवृद्धि हुनलाई कुनै चाडपर्व कुर्न पर्दैन । राजनीतिक अस्थिरता देखिए मात्र पनि बजार भाउ ह्वात्तै बढिहाल्छ । त्यसको मारमा भने आम उपभोक्ता पर्दछन् । अहिलेको बढ्दो अस्वाभाविक महँगी पनि त्यसैको परिणाम हो । दिन–प्रतिदिन आकासिंदो महँगीले उपभोक्ताको ढाड नराम्रोसित सेकिरहे पनि सरकारले यसलाई नजरअन्दाज गरिरहेको छ । स्वाभाविक सीमाभन्दा बढी मूल्यवृद्धि हुन नदिने सरकारको न्यूनतम दायित्व हो । तर सरकार आफ्नो दायित्व पालनाप्रति उदासीन रहेको सर्वसाधारण जनताले दैनिक रुपमा अनुभूति गरिरहेका छन् । दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि हुँदै गएपछि सर्वसाधारणको जनजीवन कष्टकर बनेको छ । यसप्रति सरकार मुकदर्शक बनिरहनु दुर्भाग्यपूर्ण मान्नुपर्दछ ।

खास गरी बजारमा चिनी, तेल, मरमसला, आलु, प्याज, तरकारी, फलफूललगायतका खाद्यवस्तु अत्यधिक महँगिएको छ । उपभोग्य वस्तुको मूल्य आकासिएपछि न्यून आय भएका किसान तथा दैनिक मजदुरी गर्ने श्रमिकका लागि भान्सा चलाउनै कठिन हुने गरेको छ । कमाइ नबढ्ने तर महँगी भने दिनदिनै बढिरहने समस्याले सीमित आय भएकालाई जीवनयापन गर्न कष्टकर बन्दै गएको तितो यथार्थबाट अनभिज्ञ कोही छैन । चाडपर्वमा मात्र नभएर बर्खामा पनि तरकारीको बजारभाउ उसरी नै महँगिने गरेको छ । बजारमा मल्य वृद्धि हुनु नै महँगी बढ्नु हो । व्यवसायीले आफू खुसी मूल्य तोकेका छन् ।

उपभोक्ताको हकहित संरक्षण गर्नुपर्ने दायित्व भएका सरकारी निकाय र अन्य संस्थाको भूमिका पनि उपयुक्त देखिएको छैन । महँगी बढ्नुको कारण जनताले थाहा पाउनुपर्छ । तर, जनतालाई गुमराहमा राखेर हरेक वस्तुमा मूल्यवृद्धि गरिएको छ । मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ सरकार वा सम्बन्धित निकायले कुनै सक्रियता नदेखाउनु आफैमा दुःख र चिन्ताको विषय हो । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । जसले गर्दा आमउपभोक्ताको भान्सा महँगो बन्न पुगेको छ । व्यापारीले जति मूल्य तोक्यो, त्यति नै तिर्नुको विकल्प उपभोक्तासँग छैन । यसर्थ मूल्यवृद्धि नियन्त्रण गर्ने विषयमा स्थानीय प्रशासन, स्थानीय सरकार लगायतका सम्बन्धित निकायहरू ब्युँझिन र सजग रहन अपरिहार्य छ ।

### Opinion @ Social Network

जरूरी छैन सबैले तिम्रो महत्व बुझ्न ,
तराजुले केबल तौल नाप्छ, गुणस्तर होईन ।
*(मनीसा आलेकोफेसबुक स्टाटसबाट www.facebook.com//Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रुरु क्षेत्रको धार्मिक र ऐतिहासिक महत्व



चिरञ्जीवी ज्ञवाली

गुल्मी एक अनुपम प्राकृतिक छटा र धरोहरले भरिपूर्ण जिल्ला हो । यसलाई विभिन्न ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पुरातात्विक धरोहरको बाहुल्य जमाएको जिल्ला मध्येको रूपमा लिइन्छ । इतिहासका विभिन्न कालखण्डहरूमा विभिन्न वंशहरूका ऋषिमुनिहरू विभिन्न टाकुरा र थुम्काहरूमा ऋषिमहर्षिको आश्रम र देवताहरूको बाँस रहेको यस ठाउँमा ऐतिहासिक कला, कौशल विविध सांस्कृतिक रहनसहन र सभ्यताले भरिपूर्ण छ । मानौं कि यो क्षेत्र सांस्कृतिक धरोहरहरूको इन्द्रधनुषीय मिलनको पृष्ठभूमि हो । यहाँ साँच्चिकै आन्तरिक र बाह्य पर्यटकका लागि धार्मिक तीर्थस्थल, पाटीपौवा, ऐतिहासिक सांस्कृतिक धरोहरहरू नै आकर्षणका केन्द्र मानिन्छन् । सुन्दर नगरी तम्घासलाई काखमा लिएको रेसुङ्गा तपोभूमिबाट देखिने आकर्षक हिमशङखोलाहरू पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैतिर देखिने हिमाल पहाड र तराई मधेस यस क्षेत्रमा आउने पाउनाहरूलाई यो अद्भुत दृश्यले एउटा छुट्टै अनुभूति गराउँछ । प्राकृतिक धरोहर सँगै नेपाल ऋषिमुनिहरूको देश हो । यहाँका पाखापखेरा डाँडाकाँडा, नदीनाला, लेकबेसी, खाँच, देउराली, हिमाल, पहाड तराई, मधेस, उत्तर, दक्षिण सर्वत्र कहिँ न कहिँ कुनै न कुनै प्रकारका धार्मिक पुरातात्विक धरोहरहरूले साँच्चिकै स्वर्गको अनुभूति गराउँछन् । यस लेखमा यसैको परिचय अनि यस सम्बन्धी रोचक प्रसंगहरूलाई प्रस्तुत गर्न खोजिएको छ ।

**रुरु क्षेत्रको ऐतिहासिकता**

यो क्षेत्र पौराणिक कालदेखि नै पवित्र तीर्थस्थलको रूपमा परिचित छ । हाल यो क्षेत्र रुरुक्षेत्र १ रिडी गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थलको रूपमा रहेको छ । तिनवटै जिल्लाका निश्चित भू-भाग सम्म रुरुक्षेत्र भन्ने गरिन्छ । पश्चिम नेपालको व्यापारिक केन्द्र बुटवलदेखि करिब ७० किलोमिटर उत्तरमा अवस्थित यो गुल्मी जिल्लाको प्रवेशद्वार पनि हो । सामुन्द्रिक सतहदेखि १८०० फीटको उचाइमा रहेको छ । चारैतिरबाट पहाडै पहाडले घेरिएर बिचमा समथर जमिन रहेकाले यसको प्राकृतिक बनावट उपत्यका जस्तो देखिन्छ । यो ठाउँमा सडक मार्ग भएर काठमाडौं बुटवल तानसेन हुँदै आउन र जान सकिन्छ । यहाँ आउन सवारी साधन पाउन सकिन्छ । साथै सबै प्रकारका भैरहवा विमान स्थलदेखि बुटवल हुँदै वा हाल हवाई मार्ग भएर सिधै गुल्मी आउन पनि सकिन्छ । पक्की सडक, सञ्चार, विद्युत, होटल, शिक्षा चलायतका सम्पूर्ण सुविधाहरूले यो ठाउँ सुगम बनेको छ । यो ठाउँमा २०१८ सालमा आएको भीषण बाढीले रिडी बजारलाई पुरै ध्वस्त बनाएको थियो । जसका कारण यहाँका ऐतिहासिक तथा धार्मिक महत्वका सम्पदाहरू सहित ठूलो धनजनको क्षति हुन पुग्यो । सो महाविनाशपछि बनेका नयाँ घरहरू, मन्दिर, पाटी, पौवा, पुल तथा बगैंचाहरूले यो ठाउँलाई व्यवस्थित बनाउनुका साथै यसको सौन्दर्यसमेत थपेका छन् ।

**रुरु क्षेत्रप्रतिको जनआस्था**

कालीगण्डकीको किनारामा अवस्थित रुरु क्षेत्रको महिमा पुराण तथा शास्त्रहरूमा उल्लेख गरेको पाइन्छ । वराह पुराणमा रुरुक्षेत्रको पौराणिक इतिहासको वर्णन गरिएको छ भने स्वस्थानीमा पनि यसै स्थानको भृर्गुतुङेश्वरमा सतीदेवीको जाङ्ग पतन भएको उल्लेख गरिएको छ । त्यस्तै हिन्दू धार्मिक मान्यता अनुसार नेपालमा चार वटा धार्मिक क्षेत्रहरू रहेका छन्, ती क्षेत्रहरू रुरुक्षेत्र, वराहक्षेत्र, पाशुपतक्षेत्र र मुक्तिक्षेत्र मध्येको एक क्षेत्र रुरुक्षेत्र पनि हो । यो ठाउँलाई नेपालको बनारसको रूपमा पनि चिन्ने गरिन्छ । विदेशी विद्वान् पर्सिवल ल्यान्डनले ‘नेपाल’ नामक पुस्तकमा बनारसमा उपलब्ध सम्पूर्ण विशेषताहरू रुरुक्षेत्रसँग मेल खाने भएकाले यसलाई वनारससँग तुलना गर्दै ‘नेपालको बनारस’ भनी टिप्पणी गरेका छन् । हिन्दूहरूको लागि यो क्षेत्र पवित्रघाट पनि हो । त्यसैले देशको विभिन्न भूभागबाट मानिसहरू दाह संस्कारका लागि यहाँ आउने गर्छन् । धार्मिक मान्यताअनुसार रुरुक्षेत्रमा देहत्याग गरिएमा मुक्ति पाइन्छ भन्ने विश्वास रहेको छ । भगवान् विष्णुको प्रतिक मानिने शालिग्राम पनि यहाँ पाउन सकिन्छ । त्यसैले यो क्षेत्र शालिग्राम क्षेत्रको रूपमा पनि परिचित छ । यहाँ चक्र तथा विभिन्न आकारको दुर्लभ शालिग्रामहरू पाइन्छ । त्यस्तै यहाँ वर्ष भरीमा थुप्रै मेलाहरू लाग्ने गर्दछन् । मुख्यत यहाँ वैशाखे संक्रान्ति, असारे ठूला एकादशी, जनै पुर्णिमा माघेसंकान्ति ५ दिन र कार्तिके एकादशी फषीकेश उत्सव २ दिन ठूलो मेला लाग्ने गर्दछ । साथै वर्ष भरीको औसी पुर्णिमा, ग्रहण तथा वैशाख महिनाका प्रत्येक शनिवार यहाँ मेला लाग्ने गर्दछ । साथै निकै छोटो छोटो दूरीमा पनि यहाँ करीब ५० भन्दा बढी मन्दिरहरू रहनु यो क्षेत्रको ठूलो विशेषता हो । यहाँ रहेको फषीकेश मन्दिर नेपालकै सुप्रसिद्ध मन्दिरहरू मध्येको एक मानिन्छ र यसभित्र रहेको भगवानको मुर्ति मानव निर्मित नभई साक्षत प्रकट भएको कथन छ । यो मन्दिर विश्व सम्पदा सुचीको लागि सुचीकृत छ । साधन भगवान् ऋषीकेशको दर्शन, कालीगण्डकीको प्रवाह तथा शालिग्रामको उपलब्धती जस्ता त्रिकोणात्मक विशेषताहरूको संगम रहनाले रुरुक्षेत्रको विशिष्ट किसिमको धार्मिक पहिचान बनेको छ ।

**व्यापारिक केन्द्रको रूपमा रुरुक्षेत्र**

धार्मिक तथा प्रसिद्ध धाम रुरुक्षेत्रमा प्राचीनकालदेखि नै व्यापारको उत्तम केन्द्र मानिन्छ । हिमाल र मधेश साथै गुल्मीको पूर्तिघाट, शान्तिपुर, वामी, तम्घास लगायत मुसिकोट, बाग्लुङ र अर्घाखाँची जान र आउन पायक पर्ने यो ठाँउ पुरानो बजारको रूपमा रहेको छ । सभ्यताको केन्द्र मानिने यस ठाँउमा यातायातको सुविधा पनि प्रशस्त रहेको छ । यो क्षेत्र धार्मिक स्थलमात्र नभएर यो भेगको मुख्य व्यापारिक केन्द्रबिन्दु पनि हो । प्राचीनकालदेखि नै यो गुल्मी, पाल्पा, स्याङ्जा रुकुम र रोल्पा लगायत अन्य आसपासका जनताहरूको व्यापारिक केन्द्रबिन्दु रहँदै आएको छ । यहाँ सडक यातायातको सुविधा हुनु पूर्व पनि मानिसहरू आफैले बोकेर तथा खच्चडको माध्यमबाट सामानहरूको ढुवानी गर्दथे । प्राचीनकालमा भोट नेपाल उपत्यका तथा मधेस आउन जानको लागि यो ठाउँ पायक पर्ने भएकाले पनि यो क्षेत्र व्यापारिक दृष्टिले अगाडि रहेको मानिन्छ । गुल्मी जिल्लाको प्रवेशद्वार रहेको यो ठाउँ भएर नै अर्घाखाँची, बाग्लुङ र स्याङ्जा जिल्लालाई सडक यातायातले जोडेको छ । जसरी आज बुटवल पश्चिम नेपालको व्यापारिक केन्द्रबिन्दु बनेको छ, त्यस्तै भोलिको दिनमा रुरुक्षेत्र पनि यो भेगको व्यापारिक केन्द्र बन्ने निश्चित छ । किनभने बन्दै गरेका योजनाहरू कालीगण्डकी करीडोर, मदनभण्डारी राजमार्ग, एन.१९ मार्ग, कोरला नाका हुँदै भारत जोड्ने सिल्क रोड लगायतका सडक सञ्जालहरू यसक्षेत्र हुँदै जाने हुँदा यो क्षेत्र व्यापारिक दृष्टिले प्रचुर सम्भावना भएको क्षेत्र मानिन्छ । यहाँ रहेको प्राकृतिक श्रोत साधन जल, जमिन, जङ्गल, तथा खनिज पदार्थहरूको उच्चतम प्रयोग गरी यहाँ उद्योगधन्दा सञ्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । हाल देशले चरम उर्जा संकट बेहोरिरहेको अवस्थामा यहाँ बन्दै गरेका वृहत् रुरुक्षेत्र विकास परियोजनाको तालबाट विद्युत उत्पादन गरी देशलाई नै आर्थिक लाभ हुने सम्भावना देखिन्छ । यहाँको अर्को विशेषता भनेको ऐतिहासिक पक्ष हो । धेरै पहिले देखिनै यो ठाउँ उच्च पदस्त व्यक्तित्वहरूको गन्तव्य रही आएको पाइन्छ । इतिहासमा पाल्पाली शेन वंशिय राजा मणीमुकुन्द सेन, भिमसेन थापा, जंगबहादुर राणा तथा राजामहाराजाहरुको प्रमुख गन्तव्य रहेको पाइन्छ । साथै भिमसेन थापाले यो ठाउँमा दुई वटा मन्दिर र दुई पौवा समेत बनाएका छन् । जुन मणिमुकुन्देशर महादेव मन्दियाली परिचित छ । त्यस्तै श्री ३ जुद्ध शम्शेर राणाले यो क्षेत्रमा कल्पबास बस्न आएका थिए । त्यही कल्पवास बस्ने प्रयोजनको लागि उनले अर्गलीमा दरबार बनाएका थिए जुन अहिले पनि विद्यमान छ । साथै यहाँ राज परिवारको कुनै पनि सदस्यको देहावसानपछि तिनीहरूको अस्तु सेलाउने परम्परा समेत रहेको छ ।

**नामाङ्कन**

**रुरु क्षेत्रको नामाकरण**

यसको नामाङ्कन कसरी भयो भन्ने बारेमा आज धेरै व्यक्तिहरू बिच मतभेद रहेको पाइन्छ । रुरुक्षेत्र भन्ने नामको सन्दर्भमा रुरु अर्थात् मृगले देवदत्त ऋषिको पुत्रीलाई स्तनपान गराई हुर्काएको कारणले तिनलाई रुरु कन्या भनियो । पछि तिनै कन्याले यहाँ कठोर तपस्या गरी मुक्ति पाएकाले यो ठाउँ उनै कन्याको नामबाट ‘रुरुक्षेत्र’ भनि चिनिन थाल्यो भन्ने मत पाइन्छ । ‘रिडी’ क्षेत्रको सन्दर्भमा रुरुक्षेत्र भन्ने शब्द अपभ्रंश भई ‘रिडी’ क्षेत्र बन्न गएको भन्ने मान्यता पाइन्छ । त्यसैगरी धार्मिक मान्यताअनुसार मानिस जन्मदै तीन ओटा ऋण देव ऋण, पित्र ऋण र ऋषि ऋण लिएर आएको हुन्छ । जो व्यक्ति हिमालयदेखि बग्दै आएको कालीगण्डकीको सङ्गम अर्थात् दोभान जुन रुरुक्षेत्रमा पर्दछ त्यही स्नान गर्छ सो व्यक्तिको पाप पखालिन्छ भन्ने मान्यता रहेकाले यो स्थानलाई ऋणी भनिन थालियो । पछि ऋणी भन्ने शब्द अपभ्रम्श भई ‘रिडी’ बन्न गएको भन्ने धारणा पाइन्छ । त्यस्तै अर्को मान्यताअनुसार ‘रिडी’ भन्ने शब्द मगर भाषाबाट आएको हो । मगर भाषामा ‘री’ भन्नाले कालो तथा ‘डी’ भन्नाले पानी भन्ने अर्थ लाग्छ । अर्थात् कालो पानी बग्ने क्षेत्र कालीगण्डकी भएकाले यसलाई रिडी भनिएको हो भन्ने तर्क पाइन्छ । पौराणिक गाथाअनुसार धेरै समय पहिले रुरुक्षेत्रमा भृगुकुलमा जन्मेका देवदत्त नाम गरेको एकजना ब्राम्हण बस्दथे । उनले कालीगण्डकीको किनारमा आश्रम बनाई तपस्या गर्न थाले । ती महात्माको तपस्या धेरै समयसम्म चलिरह्यो । अत्यन्तै कठोर तपस्यामा लिन भएको देखेर देवराज इन्द्र सशङ्कित भई उनको तपस्या भङ्ग गर्नतर्फ लागे । सोही अनुरूप उनले देवदत्तको आश्रममा प्रम्लोचा नामकी अप्सरालाई तपस्या भङ्ग गर्न पठाए । ती अप्सराले विभिन्न हाउभाउ कटाक्ष गरी ध्यान भङ्ग गरिन् । जब देवदत्त उनको ध्यान भङ्ग भएको चाल पाई उठेर केही समय यताउता घुम्न थाले तब उनले टाढैबाट भकुण्डो खेलिराखेकी अत्यन्तै सुन्दरी प्रम्नोचालाई पानीमा खेलिरहेको अवस्थामा देखे । अप्सराको हाउभाउ कटाक्षले देवदत्त मोहित चार । उनको सुन्दरता प्रति बसिधुत भई विवाहको प्रस्ताव राखे र दुबै जना विवाह बन्धनमा बाँधिई संसारिक सुखमा विलीन भए । केही समयको अन्तरालपाठ प्रमालोचाले एउटी कन्यालाई जन्म दिइन् । ततपश्चात् उनले आफ्नो उद्देश्य पूरा भएको सम्झी ती कन्यालाई त्यही आश्रममा छाडेर स्वर्ग गइन् ।

-बाँकी ३ पेजमा...

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लाभको अवसर मिले पनि तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ। | **तुला** :प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। |
| **बृष** :अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला। | **बृश्चिक** :विवाद बढ्ने सम्भावना छ। विगतको श्रमबाट भने लाभ हुनेछ। |
| **मिथुन** : मेहनत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। | **धनु** : सहयोगीहरूको भावना बुझ्ने प्रयत्न गर्नुहोला, दिन रमाइलो हुनेछ। |
| **कर्कट** :पहिलेका समस्या दोहोरिन सक्छन्। चिताएको काममा बाधा पुग्नेछ। | **मकर** :हिम्मतले काम लिँदा फाइदा हुनेछ। जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। |
| **सिंह** :आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ। मनमा शंका उत्पन्न हुनेछ । | **कुम्भ** :आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। |
| **कन्या** :स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। | **मीन** : पहिलेका गल्ती सच्याउने मौका छ। चुनौती देखिए पनि स्वाभिमानको रक्षा गर्न सकिनेछ। |

## कला मनोरञ्जन

# मिस युनिभर्स नेपाल २०२४ को अडिसन सम्पन्न




मस युनिभर्स नेपाल २०२४ को शीर्ष ३५ प्रतिस्पर्धीको अडिसन सम्पन्न भएको छ । हिल्टन काठमाडौंमा आयोजित अडिसनमा प्रिलिमिनरी राउन्डबाट छानिएका ६० जना मध्ये ३५ जनालाई अन्तिम प्रतिस्पर्धाको लागि छनोट गरिएको हो । अडिसनको निर्णायक मण्डलमा लोकप्रिय गायिका इन्दिरा जोशी, मिस युनिभर्स नेपाल २०२२ सोफिया भुजेल र कोरियोग्राफर दिक्पाल कार्की रहेका थिए ।

त्यस्तै मिस युनिभर्स नेपालका नेसनल डिरेक्टर संगीता पुरी र आयोजक ग्लोबल ग्ल्यामर भेन्चरका सिइओ एवम् प्रेसिडेन्ट सबी पुरीले निर्णायकको रूपमा अडिसन लिएका थिए । अडिसनमा अन्तर्राष्ट्रिय इमेज कन्सल्ट्यान्ट एवम पेजेन्ट कोच एलेक्जेन्डर गोन्जालेज र पेजन्ट एनलिस्ट लुइस पोर्टेलिसले भने अनलाइन मार्फत सहभागिता जनाएका थिए । अडिसनमा ट्रान्सजेन्डर, विवाहित, गैर नेपाली महिलाहरू लगायत डाक्टर, इन्जिनियर, पाइलट जस्ता विभिन्न पृष्ठभूमिका व्यक्तिहरूको उत्साहजनक र समावेशी सहभागिता रहेको थियो । फिजिकल अडिसनमा उपस्थित हुन नसकेका केही गैर नेपाली महिलाहरूको भने अनलाइनमार्फत अडिसनमा लिइने आयोजकले जानकारी दिएको छ । अडिसनमार्फत छनोट भएका शीर्ष ३५ प्रतिस्पर्धीको नतिजा ३ दिन पश्चात् मिस युनिभर्स नेपाल २०२४ को आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिने आयोजकले जानकारी दिएको छ । अडिसनमार्फत छनोट भएका शीर्ष ३५ प्रतिस्पर्धीहरूले फिनालेको लागि प्रशिक्षण तयारीमा भाग लिनेछन् । उनीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रशिक्षकहरूबाट व्यक्तित्व विकास, वाककला, पब्लिक स्पिकिङ, आर्थिक व्यवस्थापन लगायत विभिन्न जीवन उपयोगी सीपहरू सिकाइनेछ । मिस युनिभर्स नेपाल २०२४ को ग्रान्ड फिनाले आगामी सेप्टेम्बरको पहिलो हप्ता हुँदैछ । विजेताले नोभेम्बरमा मेक्सिकोमा हुने मिस युनिभर्स २०२४ को लागि १०० देशका प्रतिस्पर्धीहरूसँग प्रतिस्पर्धा गर्नेछिन् ।

*-रातोपाटी डटकम*

# अमरको 'मोदीबेनी' अनुभव



यही साउन १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मोदीबेनी'बाट एक नायकको उदय हुँदैछ । तिनी हुन्, अमर प्रताप श्रेष्ठ । यो उनको डेब्यु फिल्म भए पनि त्यसअघि नै उनले केही नाटक, विज्ञापन तथा वेब सिरिजबाट अभिनयको अनुभव बटुलिसकेका थिए । अब उनले फिल्म अभिनयमा परीक्षा दिएका छन् । ट्रेलर हेर्दा उनीबाट आशा गर्ने ठाउँ देखिन्छ । 'मोदीबेनी'बाट प्रस्ताव आउँदा अमर निकै उत्साहित भएका भए । यद्यपि, डर पनि यदाकदा उनमा थियो । उनी सम्झन्छन्, 'मैले यो फिल्मको स्क्रिप्ट राम्रोसँग सुनेको थिएँ, त्यसैले यो अवसरको लागि म उत्साहित थिएँ । मेरो प्रारम्भिक प्रतिक्रिया उत्साह र अलिकति डरको मिश्रण थियो ।' फिल्ममा काम गर्दाको अनुभव भने उनका लागि अविस्मरणीय रहन पुग्यो ।

फिल्मको छायांकनको क्रममा उनले केही चुनौतीहरूको सामना गर्नुपर्‍यो । चरित्रको मनोदशामा प्रवेश गर्नु उनका लागि सबैभन्दा चुनौतीपूर्ण थियो । 'केही दृश्यहरू भावनात्मक रूपका पनि थिए, जसका लागि मानसिक र भावनात्मक तयारीको आवश्यकता थियो । छायांकनको क्रममा जटिल स्थानमा छायांकन गर्नु र अप्रत्याशित मौसम स्थितिहरूसँग जुध्नुपर्ने जस्ता 'लजिस्टिकल' चुनौतीहरू पनि सामना गर्नुपर्‍यो,' उनले स्मरण गरे । अमरको चरित्रमा प्रवेश गर्ने प्रक्रिया केही अनुसन्धान र मेथड एक्टिङमा आधारित थियो । उनले चरित्रको व्यक्तित्व बुझ्न लामो समय खर्चिए । स्क्रिप्टमा लेखिएको पात्र र आफूबीच समान देखिन केही मिहिनेत गर्नुपरेको उनको अनुभव छ । फिल्ममा निर्देशक र कलाकारसँगको सहकार्य उनका लागि उत्कृष्ट अनुभव रह्‍यो । अमर भन्छन्, 'नयाँ भए पनि निर्देशकको दृष्टिकोण र निर्देशन स्पष्ट थियो, जसले मेरो अभिनयलाई बुझ्न सजिलो बनायो ।

को-एक्टर वर्षा सिवाकोटीबाट धेरै कुरा सिक्न पाएँ । सरोज खनाल, प्रवीण खतिवडा, रेजिना उप्रेती जस्ता अनुभवी कलाकारसँग काम गर्न पाउनु मेरो अहोभाग्य हो ।' 'मोदीबेनी'मा अमरका लागि सबैभन्दा चुनौतीपूर्ण र भावनात्मक रूपमा विक्षिप्त पार्ने एक दृश्य थियो । त्यसले दर्शकको पनि मन छुनसक्ने उनको विश्वास छ । 'मेरो पात्रसँग सबैभन्दा चुनौतीपूर्ण एक दृश्य छ, जुन दृश्यले दर्शकलाई भावनात्मक रूपमा विक्षिप्त पार्न सक्छ । सो दृश्यले विछोडको सैरलाई दर्साउँछ, जुन आम मानिसको जीवनमा कुनै न कुनै दिन भोग्नु परेको हुनसक्छ । द्वन्द्वसहितको भावनात्मक त्यो दृश्य छायांकनको बेला मैले चुनौती सामना गर्नुपरेको थियो,' उनले छायांकनको दिन सम्झिए । शङ्कर कोइरालाको निर्देशनमा तयार भएको फिल्ममा हिउँवाला गौतम, दीलिप केसी, जीवन भट्टराई, कमलमणि नेपाल, स्नेहा भट्टराई, सुब्रतराज आचार्य, अनामिका लामिछाने, पूजन श्रेष्ठ, गोविन्द सुनार, सरोज अर्याल, लविस गर्तौला, सुरेन्द्र बराल, रोजी श्रेष्ठ लगायतको पनि अभिनय छ । आनन्द विक्रम क्षेत्रीको लेखन रहेको फिल्ममा उत्सव दाहालको छायांकन छ ।

*-फिल्मी खबर डटकम*

## लेखको बाँकी अंश

# रुरु क्षेत्रको...

...जब देवदत्तले यो कुराको वास्तविकतालाई बुझे तब उनी छाँगाबाट खसेझैं भए । उनको ह्रदयमा तिव्र वैराग जागेर आयो ततपश्चात् उनी उत्तरतिरको भृगु आश्रमतिर लागे र भगवान् शिवको कठोर तपस्या गर्न थाले । उनको तपस्या देखी भगवान् शिव प्रशन्न भई उनको सामु प्रकट भए र आशीर्वाद दिए । जसले गण्डकीको नदीमा स्नानगरी शिवलिङ्ग भृगुतुमको दर्शन गर्ला उसले राम्रो योगफल तथा सिद्धी प्राप्त गर्नेछ । यति भनी भगवान् शिव अन्तरध्यान भए । देवदत्तले पनि शिवजीबाट आशीर्वाद पाई आफू मुक्त भएको अनुभव गरे ।

प्रम्लोचाबाट जन्मेकी कन्यालाई पछि मृगले दुध पिलाएर हुर्काए । संस्कृत भाषामा मृगलाई रुरु भनिन्छ । त्यही रुरुले दुध पिलाएर हुर्केकी कारणले तिनको नाम रुरुकन्या रहन गयो । पछि उनले भगवान् नारायणको कठोर तपस्या गर्न थालिन् । उनको कठोर तपस्यादेखि भगवान् नारायण प्रशन्न हुनुभयो र उनको सामु प्रकट भई वरदान माग्न भन्नुभयो । भगवानको यस्तो वाक्य सुनेर रुरुकन्याले बिन्ती गरिन् "हे नाथ यदि मलाई बारदान दिनुहुन्छ भने यही चर्तुवाहु श्रीनारायणको रूपले हजुर यही विराजमान होइबक्सियोस् र मेरो नामबाट यो क्षेत्र प्रसिद्ध होस" उनको यस्तो प्रार्थना सुनी भगवानले भन्नुभयो "अब उपरान्त यो ठाउँ रुरुक्षेत्र नामले प्रख्यात हुने छ । यो क्षेत्रमा जसले स्नान गरेर तीन दिन यहाँ रही चर्तुबाहु फषीकेशको दर्शन गर्छन् ती पवित्र हुन्छन् भनी भगवान् अन्तरध्यान हुनुभयो । त्यसैले ५ दिन माघे संक्रान्ती मेला लाग्ने गर्छ । ती रुरुकन्या केही समय त्यही रहिन् र पछि उनले देहत्याग गरिन् र उनले मुक्ति पाइन् । भगवान्को आशीर्वादले गर्दा त्यो दिनदेखि रुरुक्षेत्र पुण्य क्षेत्र बन्यो । यो क्षेत्र अत्यन्तै पवित्र भयो र रुरु कन्याको नामले रुरुक्षेत्र भनी हिन्दू जगतमा प्रसिद्ध भयो । पश्चिम नेपालको तानसेन बजारदेखि उत्तर (पश्चिममा गुल्मी र पाल्पाको सिमानबाट बग्ने पवित्र कालीगण्डकी र गण्डकीको तिरमा अवस्थित ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थल । यस क्षेत्रमा मणिमुकुन्द सेनद्वारा प्रतिस्थापित ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण फषीकेश मन्दिर रहेको छ ।

अहिले यस क्षेत्रमा प्रतिष्ठापित संस्कृत मा.वि., रुरुक्षेत्र वैदिक गुरुकुलम् रिडी, गुल्मी, गायत्री ब्रह्मचर्याश्रम ता.न.पा-१४ रिडी, रुरु संस्कृत विद्यापीठ रिडी, गुल्मी,अद्वैतसंस्था रिडी, गुल्मी, रुरु गौशाला रिडी, ता.न.पा-१४, कुसेनी पाल्पा, धर्म संस्कृति ? आदिवासी थापाको माध्यमबाट यस क्षेत्रको महिमा अझ बढेको अनुभव हुन्छ । मचि मुकुन्दसेन राजाद्वारा स्थापित मणिमुकुन्देशर महादेव मन्दिर वि.सं. १५३१, देवदत्त पार्क, भृगुतुमेश्वर शिवालय कालीगण्डी गा.पा.-१, स्याङ्जा, गायत्री मन्दिर, सत्येश्वर मन्दिर भारतापा-१४, रिडी, अचमेश्वर शिवालय रुरु २, गुल्मी, श्री परमानन्द तारकेश्वर, श्री राम मन्दिर रुद्रवेणी गुल्मी, गोलफुले गुफा रुरु, त्यसै गरी श्रृङगेश्वर गुफा रुरु ४, गुल्मी, बम्या कोट रुरु-४,, केट भँगेर मन्दिर रुरु, सिद्ध मन्दिर गोविन्दे रुरु-२, श्री हनुमानथान कालीगण्डी गा.पा.-१, स्याङ्जा, विष्णु पादुका मन्दिर रुरु-१, गोप्तेश्वर महादेव मन्दिर रुरु -१, लगायतका दर्जनौ शताब्दिकालीन प्राचीन सभ्यताले यस क्षेत्रको महिमा थप उजागर गरेको छ । त्यसै गरी औंर्वआश्रम, प्राचीन अर्गली दरवार, मानव कल्याण, पशुपति, टीकाराम, वौद्धआश्रम लगायतका दर्जनौ धर्मशाला यस क्षेत्रमा अवस्थित रहेका छन् । त्यसैगरी कालीगण्डकी करीडोर, बहुबर्षिय रुरुक्षेत्र विकास परियोजना लगायतले यसको संरक्षण र प्रचारमा उल्लेख्य योगदान पुग्ने कुरामा विश्वास लिएको छ । मूलतः रानीघाट रेसुङ्गा तपोभूमि, श्रृङ्गेश्वर तपोभूमि, विराट शालिग्राम सेतिवेनी, सुपादेउराली अर्घाखाँची, लुम्बिनी, प्राचीन सहर तानसेन, रुद्रबेणीधाम, स्वर्गद्वारी मुक्तिनाथ लगायताका धार्मिक गन्तव्यहरूसँग निकट सम्बन्ध राख्ने यो क्षेत्र भविष्यमा धार्मिक पयर्टनकै माध्यमबाट यसको विकास सवृद्धि सम्भव छ । यसको विकास र संरक्षणकाका लागि स्थानीय निकाय, प्रदेश सरकार, संघीय सरकार, जनप्रतिनिधि, स्थानीय अगुवा धर्म गुरु र समाजसेवीहरू थप सक्रिय हुन जरुरी छ । यहाँ हुने विकास निर्माण तीर्थअनुकुल हुन आवश्यक छ, शुद्ध सात्विक हुनुपर्दछ । पूर्वाधार विकास पाटी, पौवा, धर्मशाला, होटल र मठ मन्दिरहरू सेवामुखी हुन आवश्यक छ, धार्मिक पर्यटकहरूलाई कुनै प्रकारको असहजता नहोस् भनी न्यून शुल्कमा आवास, भोजन सुरक्षा आदिको प्रवन्ध मिलाउनुपर्ने देखिन्छ । यहाँ निर्माण हुने देवालय धर्मशालाहरू वास्तुसम्मत अनि पुरातात्तिक काष्ठकलायुक्त हुन आवश्यक छ । उल्लेखित सिद्धान्तको आधारमा यसको विकास भएमा रुरुक्षेत्र आर्थिक रूपमा समेत सवल र सक्षम हुने छ । लाखौं भारतीय तीर्थयात्रीहरू स्वर्गद्वारी र मुक्तिनाथमा पुग्न सक्छन् भने ती तीर्थहरूको अपेक्षा भौगोलिक दृष्टिकोणले र दुरीका दृष्टिकोणले रुरुक्षेत्र सुगम र समिप छ । (यो लेख धार्मिक र ऐतिहासिक क्षेत्रको संरक्षण गर्नु हामी सबैको कर्तव्य हैन र ? तयार पार्दा यससँग सम्बन्धित विविध कृतिहरूको सहयोग लिइएको छ ।)

*(लेखक श्री संस्कृत तथा साधारण माध्यमिक विद्यालय रिडी ,गुल्मीका प्रशासकीय सहायक समेत हुन् । )*

# अमेरिकाका सात शहरमा गुञ्जिँदै नेपथ्य



सांगीतिक समूह नेपथ्यले आगामी महिना अमेरिकामा शृंखलाबद्ध सांगीतिक यात्रा गर्ने भएको छ । नेपथ्य छैटौं पटक आफ्ना गीत सुनाउन अमेरिका जाने भएको हो । ब्याण्डले आफ्नो यात्राका क्रममा अमेरिकाको पूर्वदेखि पश्चिम किनारासम्म सातवटा फरक-फरक शहरका सांगीतिक प्रस्तुति दिने नेपथ्यको व्यवस्थापक नेपालयका अर्पण शर्माले जानकारी दिए । उनका अनुसार अमेरिकामा रहेका नेपाली भाषीहरूलाई लक्षित संगीत यात्राअन्तर्गत नेपथ्य आगामी साता अमेरिका प्रस्थान गर्ने कार्यक्रम छ । नेपथ्यको यसपालाको अमेरिका यात्राको संयोजन 'डीजे मोमो इन्टरटेनमेन्ट'ले गरिरहेको छ । नेपालयका अनुसार नेपथ्यले अगस्त ३ तारिखका दिन उल्लेख्य संख्यामा नेपालीहरूको बसोबास रहेको कोलोराडोको राजधानी डेनभरमा पहिलो सांगीतिक कार्यक्रम गर्नेछ । डेनभरको 'बोल्डर थिएटर'मा नेपथ्यले यस वर्षको अमेरिका यात्राकै पहिलो कोसेली प्रस्तुत गर्ने छ । यहाँ नेपथ्यले पहिलोपटक सांगीतिक पाइला टेक्न लागेको शर्माले बताए । दोस्रो प्रस्तुति सान फ्रान्सिस्कोस्थित 'वारफिल्ड थिएटर'मा अगस्त १० तारिखका दिन आयोजना हुनेछ । यसै हलमा आठ वर्षअघि नेपथ्यले आफ्नो सांगीतिक प्रस्तुति दिइसकेको छ । ओहायो राज्यको राजधानी कोलम्बसस्थित 'केम्बा लाइभ कन्सर्ट भेन्यू'मा नेपथ्यले अगस्त १७ तारिखका दिन तेस्रो सांगीतिक प्रस्तुति दिनेछ । यहाँ पनि नेपथ्यले पहिलो पटक आफ्नो सांगीतिक प्रस्तुति दिन लागेको हो । चौथो कन्सर्ट टेक्सास राज्यमा छ । 'नेपथ्यले ६ वर्षपछि प्रस्तुति दिएको डालासको 'टोयोटा म्युजिक फ्याक्ट्री'मा अगस्त २४ तारिखमा आफुलाई उभ्याउनेछ', नेपालयका शर्माले भने, 'त्यसपछि ब्याण्ड अमेरिकामा सबैभन्दा बढी प्रस्तुति दिएको शहर न्यूयोर्कमा पुग्नेछ । अघिल्लो पटक जस्तै न्यूयोर्कको म्यानहटनमै प्रस्तुत हुने नेपथ्यले यस वर्ष 'टर्मिनल फाइभ'मा आफ्ना लोकरक धुनहरू पस्कनेछ । त्यहाँ अगस्त ३० तारिखमा नेपथ्य साँझ आयोजना हुनेछ ।' उनका अनुसार न्यूयोर्कपछि नेपथ्य सेप्टेम्बर १ मा मेरिल्याण्ड राज्य पुग्नेछ । ब्याण्डले त्यहाँ लाइभ क्यासिनो होटल मेरिल्याण्डस्थित द हल एट लाइभमा सांगीतिक प्रस्तुति दिनेछ । नेपथ्यको अन्तिम कन्सर्ट पेन्सिलभानियाको फयारिसबर्ग शहर हुने शर्माले बताए । यो शहरमा पनि नेपथ्यले पहिलो पटक सांगीतिक प्रस्तुति दिन लागेको छ । यस शहरको 'द फोरम अडिटोरियम' मा सेप्टेम्बर ७ का दिन कन्र्सट आयोजना हुनेछ । करिब १०० वर्षअघि सिम्फोनी अर्केष्ट्रा प्रस्तुत गर्ने उद्देश्यले यो हल तयार पारिएको थियो । नेपथ्यले सन् २००४ मा फिनिक्स र वासिंटन डिसीमा पहिलोपटक अमेरिका यात्रा गरेको थियो । त्यसपछिका वर्षहरूमा ब्याण्डले न्यूयोर्क, सानफ्रान्सिस्को, लस एन्जलस, एटलान्टा, डालास र बोष्टनमा सांगीतिक प्रस्तुति दिइसकेको छ । गत वर्षमात्रै क्यानाडामा शृंखलाबद्ध सांगीतिक यात्रा गरेको नेपथ्यले अमेरिकामा कोभिड महामारीपछि पहिलो यात्रा गर्न लागेको हो । अमेरिकाका सबै कन्सर्टमा दर्शकहरूले अनलाइनबाटै सोझै टिकट काट्न सकिने प्रवन्ध मिलाइएको नेपथ्यको व्यवस्थापक नेपालयका शर्माले बताए । उनका अनुसार नेपथ्यको अधिकारिक वेभसाइटमार्फत टिकट सुरक्षित गर्न सकिने बताइएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# खिर खाएर मनाइयो साउने पन्ध्र



**पाल्पा,** साउन १५/ यस वर्षको साउन पन्ध्र पाल्पासहित देशैभर खिर खाएर मनाइएको छ । नेपाली समाजमा परापूर्वकालदेखि मनाउँदै आएको सांस्कृतिक पर्व साउन पन्ध्र मंगलबार घर-घरमा खिर खाएर मनाइएको हो ।

वर्षा ऋतुका बेला असार १५ गते दही च्युरा र साउन १५ मा खिर खाने प्राचीन कालदेखिको परम्परा नेपाली समाजमा रहँदै आएको छ । साउने झरी पर्ने बेलामा तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खाने गरिएको हो । दूधमा मरमसलालगायत चीजबिज हालेर बनाइने खिरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । संस्कृत भाषामा पायस भनिने खिर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्वपूर्ण खानेकुराका रुपमा वैदिक शास्त्रमा वर्णन गरिएको छ । साउन १५ को अवसरमा खिर खाने, साथीभाइसँग भेटघाट गर्ने गरिन्छ ।

# गुल्मीमा गँड्यौली...

...गँड्यौली मलले बालीनालीको उत्पादनमा वृद्धि हुने, माटोको उर्वरतालाई बचाइराख्ने र उत्पादित वस्तुहरु शुद्ध जैविक हुने धुर्कोट अर्गानिक कृषि तथा गँड्यौला मल उत्पादन फार्मका सञ्चालक खिमानन्द भण्डारीले बताए । फार्मबाट उत्पादित गँड्यौली मलको मूल्य हाल ३० प्रतिकिलो रहेको छ । किसान मल किन्नका लागि फार्ममै पुग्ने गर्दछन । गँड्यौली मलको माग बढ्दै गएका कारण यतिबेला गाउँघरमा पर्याप्त मात्रामा मल पुर्‍याउन धौधौ परेको फार्म सञ्चालक भण्डारीले बताए । 'गँडयौली मलले दिने उत्पादन र रासायनिक मलले दिने उत्पादन बराबर छ, यसको फाइदा भनेको माटोलाई स्वस्थकर राखी माटोको उर्बरा शक्तिमा वृद्धि गरी उत्पादित वस्तुहरु पनि जैविक खान पाइन्छ', उनले भने । गँडयौली मल बनाउँदा सुरुमा गाईभैंसीको गोबर प्रयोग गर्ने, गोबरलाई ब्याड बनाएर राख्ने, त्यही बनाएको ब्याडमा गँड्यौला राख्ने र माथिबाट बाक्लो जुटको बोराले छोपिदिने गरिन्छ । यसरी छोपेको केही दिनपछि बुरबुर किसिमको गँड्यौली मल तयार हुन्छ ।

माटो व्यवस्थापन कार्यक्रमअन्तर्गत जिल्लामा भर्मी उद्योग कार्यक्रम सञ्चालन गरेको कृषि ज्ञान केन्द्रका प्रमुख प्रमुख नवराज भण्डारीले जानकारी दिए । ज्ञान केन्द्रको रु पाँच लाख र फार्मका तर्फबाट रु ७३ हजार गरि पाँच लाख ७३ हजार लागतमा उक्त कार्यक्रम सञ्चालनमा आएको बताइएको छ । माटो व्यवस्थापन कार्यक्रममार्फत किसानहरुलाई रासायनिक मलको प्रयोग कम गर्दै लैजाने उद्देश्यका साथ प्राङ्गारिक मलको उत्पादनलाई प्राथामिकता दिएको कार्यालय प्रमुख भण्डारीले बताए ।

गँड्यौली मल उत्पादनलाई मुख्य प्राथमिकता दिने भन्दै धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखेलले आउँदा दिनहरुमा आम किसानलाई यसको महत्वका बारेमा जनचेतना जगाउँदै भर्मी मलको उत्पादन र यसको प्रयोगमा जोड दिने बताए । जिल्लाको धुर्कोट, इस्मा, मदाने, चन्द्रकोट, छत्रकोट लगायतका पालिकामा हाल २४ किसानले गँड्यौली मलको उत्पादन गर्न सुरु गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । **-रासस**


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# भारतले एशिया कप २०२५ आयोजना गर्ने



**काठमाडौं,** साउन १५/भारतले आउँदो संस्करणको पुरुष एशिया कप २०२५ आयोजना गर्ने भएको छ । एशियाली क्रिकेट काउन्सिल (एसीसी) ले १७ औं संस्करणको एशिया कप भारतमा हुने पुष्टि गरेको हो ।

२०२५ को एशिया कप टी-२० फर्म्याटमा हुनेछ । सन् २०२६ मा भारतमा आयोजना हुने टी-२० विश्वकपको तयारी स्वरूप आउँदो संस्करणको एशिया कप टी-२० फर्म्याटमा हुने भएको हो । भारतले ३४ वर्षपछि एशिया कप आयोजना गर्न लागेको हो । यसअघि भारतले सन् १९९०/९१ मा प्रतियोगिताको आयोजना गरेको थियो । यस्तै २०२७ को एशिया कप बङ्गलादेशले आयोजना गर्ने भएको छ । यो प्रतियोगिता एकदिवसीय फर्म्याटमा हुनेछ । यही वर्ष दक्षिण अफ्रिकामा एक दिवसीय विश्वकप आयोजना हुँदैछ । बङ्गलादेशले सन् २०१६ पछि एशिया कप आयोजना गर्न लागेको हो । सन् २०१६ देखि एशिया कप टी-२० फर्म्याटमा पनि हुँदै आएको छ र कहिलेकाहीँ आउँदो विश्वव्यापी प्रतियोगिताहरूलाई हेरेर खेलाइने गरेको छ ।

एशिया कपमा भारत सबैभन्दा सफल टिम हो, उसले अहिलेसम्म आठ पटक उपाधि जितेको छ । भारत साविक विजेता पनि हो । यस्तै श्रीलङ्का ६ र पाकिस्तान दुई पटक विजेता बनेका छन् ।


## वर्गिकृत डिस्प्ले


१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से बढ्यो



**पाल्पा,** साउन १५/साताको सेयर कारोबारको तेस्रो दिन नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । अघिल्लो कारोबार दिन सोमबार २० अंकले करेक्सन आएको बजारमा मंगलबार ३५ दशमलव ५५ अंकले बढेर परिसूचक २ हजार ६ सय ९६ दशमलव ६५ विन्दुमा पुगेको हो ।

नेप्से बढे पनि कारोबार रकम भने सोमबारको तुलनामा घटेको छ । यसदिन ४ करोड ३ लाख ७१ हजार ७७८ कित्ता सेयर किनबेच हुँदा १७ अर्ब २६ करोड ६३ लाख ९१ हजार रुपैयाँको कारोबार भएको छ । सबैभन्दा बढी होटल तथा पर्यटन उपसमहु ३९८.१७ अकंले बढ्यो । फाइनान्स १८३.३०, विकास बैंक १२४.०५ र हाइड्रोपावर १००.०६ अंकले बढ्यो । बैंकिङ, म्युचअल फन्ड, निर्जीवन बीमा र व्यापार उपसमूह घट्यो ।कुल १८९ कम्पनीको सेयर मूल्य बढ्यो भने ४७ कम्पनीको मूल्य घट्यो । ६ कम्पनीको सेयर मूल्य स्थिर रह्यो । प्रोग्रेसिभ फाइनान्स लिमिटेड, बरुण हाइड्रोपावर, साञ्जेन जलविद्युत् कम्पनी र नेपाल वेयरहाउजिङ कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढ्यो । एसियन हाइड्रोपावर कम्पनीको मूल्य १० प्रतिशतले घट्यो । कारोबार र रकमको आधारमा हिमालयन रिइन्स्योरेन्स, शिवम् सिमेन्ट, सोल्टी होटल अघि रह्यो । हिमालयन रिइन्स्योरेन्सको ६० करोड १० लाख रुपैयाँको सेयर किनबेच भयो । शिवम् सिमेन्टको ३७ करोड ६७ लाख र सोल्टी होटलको ३६ करोड ४३ लाख रुपैयाँको सेयर कारोबार भएको छ । चार समूहको उपसूचकबाहेक अन्यको सूचक सकारात्मक देखिएका छन् । बैंकिङ,म्युचुअल फण्ड,नन लाइफ इन्स्योरेन्स र ट्रेडिङ समूहको उपसूचकबाहेक अन्यको उपसूचक सकारात्मक देखिएका हुन् । यसदिन फाइनान्स र होटल एण्ड टुरिजम समूहको उपसूचक ५ प्रतिशत बढिले वृद्धि भयो । कारोबारमा आएका १ सय ८९ स्टकको मूल्य बढ्दा ४७ वटाको घट्यो भने ६ वटाको मूल्य स्थिर रह्यो ।

# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०४/१६**

मोहन कन्या माध्यमिक विद्यालय तानसेन-४, पाल्पाको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/११ गतेको बैठक, तानसेन नगरपालिकाको च.न.११८ मिति २०८१/०४/१४ को सिफारिस एवं शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०४/१४ को च.न. ००७६ र प.स. २०८१/०८२ को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको मा.वि तह कक्षा (११/१२) भौतिकशास्त्र विषयको शिक्षक करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं. :** ००१/०८१/०८२, **तह :** **मा.वि** कक्षा (११/१२) **करार**
**विषय :** भौतिकशास्त्र, पद : शिक्षक
**योग्यता :** भौतिकशास्त्र विषयमा स्नातकोत्तर तह द्धितीय श्रेणीमा उत्तीर्ण गरेको
**तलब सुविधा :** सरकारी नियम अनुसार
**उमेर :** १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर :** रु.१५००/-
**दरखास्त पेश गर्ने अन्तिम मिति :** २०८१/०४/३० गते ४: बजे सम्म
**सम्पर्क मिति :** २०८१/०४/३१, **परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता
**परीक्षा हुने मिति:** सम्पर्क मितिको दिन तोकिने छ ।
**आवश्यक कागजातहरू :** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताका SEE देखि स्नातकोत्तर तह सम्मको प्रमाणपत्रका प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,मा.वि तहको स्थायी अध्यापन अनुमति पत्र र व्यक्तिगत विवरण २/२ प्रति
**सम्पर्क नं. :** ९८४७०४३९३६, ०७५-५२००९२

**मोहन कन्या माध्यमिक विद्यालय**
तानसेन-४, पाल्पा


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५ तानसेन पाल्पा फोन:०७५-५२०६०१ E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्दा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई